# बरियारपट्टी गाउँपालिकाको आर्थिक ऐन, २०८१/०८२

## बरियारपट्टी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

गाउँ सभाबाट स्वीकृत मिति :२०८१/..../.... गते

**प्रस्तावनाः** बरियारपट्टी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बरियारपट्टी गाउँपालिका सिरहाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८० रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गते देखि बरियारपट्टी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसुचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ र व्यावसाय कर बुझाउने व्यक्तिले रु २०० दस्तुर बुझाई कार्यपालिकाबाट व्यवावसाय दर्ता प्रमाणपत्र प्राप्त गर्ने छ र त्यस्तो प्रमाणपत्रको अवधि प्रत्येक आर्थिक वर्षको असाढ मसान्त सम्म रहेनेछ साथै प्रत्येक नयाँ आर्थिक वर्षमा कानून द्वारा तोकेबमोजिम नविकरण दस्तु बुझाई नविकरण गर्न सकिने छ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।तर अपाङ्गता भएका व्यक्ति दलितको रेखामुनी रहेका समुदाय वा एकल महिलाको हकमा निर्णय गरि कर दस्तुर छुट दिन सक्नेछ।

१६. विविध व्यवस्था (१) यस कानून बमोजिम गाउँपालिकाले लिन पाउने कर दस्तुर शुल्क अनूसुचीमा छुट हुन गएमा कार्यपालिकाले निर्णय गरि त्यसस्तो कर दस्तु शुल्क उठाउन सक्नेछ।

२. यस ऐन बमोजिमको अनुसूचीमा उल्लेखित कर दस्तुर शुल्कको दरमा हेरफेर गर्न आवश्यक देखिएमा त्यस्तो दरमा कार्यपालिकाले निर्णय गरि ३० प्रतिशत सम्म हेरफेर गर्न सकिनेछ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले स्वीकृत गरि लागु गरे बमोजिम हुनेछ। र कार्यविधि स्वीकृत भई लागु नहुादा सम्म कर तथा शुल्क सम्बन्धि प्रकृया कार्यपालिकाले तोके बमोजिम हुनेछ।

# बरियारपट्टी गाउँपालिकाको आर्थिक ऐन, २०७९

## बरियारपट्टी गाउँपलिकको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

## अनुसूची-१

**(दफा २ सँग सम्वन्धित)**

## एकिकृत सम्पत्ति कर/घरजग्गा करका दरहरु

(क) साविकका स्थानीय निकायहरुबाट लगाउँदै आएको घर सम्पती कर र भूमि कर (मालपोत) भन्दा एकीकृत सम्पत्ति कर बढी बैज्ञानिक देखिएकोले घर सम्पत्ति कर र मालपोतको सट्टा एकीकृत सम्पत्ति कर लागु गर्न यस वर्ष आवश्यक तयारी गर्ने ।

## अनुसूची-२

**(दफा ३ सँग सम्वन्धित)**

## भूमि कर(मालपोत)दरहरु

**१.**

| क. सं. | जग्गाको क्षेत्रफल/विवरण | | दर | कैफियत |
|---|---|---|---|---|
| क. | अव्वल (प्रति कट्ठा रु.) | १ धुर देखि १.५ बिघा सम्म | रु. २०।०० | |
| | | १.५ बिघा देखि ३ बिघा सम्म | रु. ५० | |
| | | ३ बिघा भन्दा माथिमा प्रति बिघा | रु. १०० | |
| ख. | दोयम (प्रति कट्ठा रु.) | १ धुर देखि १.५ बिघा सम्म | रु. १५।०० | |
| | | १.५ बिघा देखि ३ बिघा सम्म | रु. ४० | |

| | | | | |
|---|---|---|---|---|
| | | ३ बिघा भन्दा माथिमा प्रति बिघा | रु. ८० | |
| ग | सीम (प्रति कट्ठा रु.) | १ धुर देखि १.५ बिघा सम्म | १० | |
| | | १.५ बिघा देखि ३ बिघा सम्म | ३० | |
| | | ३ बिघा भन्दा माथिमा प्रति बिघा | ६० | |
| घ. | चाहार (प्रति कट्ठा रु.) | १ धुर देखि १.५ बिघा सम्म | ५ | |
| | | १.५ बिघा देखि ३ बिघा सम्म | २० | |
| | | ३ बिघा भन्दा माथिमा प्रति बिघा | ४०।०० | |

नोट : घरको हकमा घरको भुइतलाको क्षेत्रफललाई तला संख्याले गुणन गरी आउने क्षेत्रफल (वर्ग फिट) का आधारमा मूल्यांकन गरी कूल सम्पत्तीको मूल्यांकन कायम गरिनेछ ।

(ख) बरियारपट्टी गाउँपालिका क्षेत्रभित्र कुनै पनि प्रयोजनको लागि कोठा, सटर, पसल, कबल बहालमा दिए बापत हुने आम्दानीमा घरमुलीबाट बहाल कर उठाउने र सो करको दर देहाय बमोजिम गर्ने ।

२. चालु आ.ब.को माघ मसान्त भित्र मालपोत बुझाए कुल मालपोतको ५ प्रतिशत छुट  चालु आ.व. को असार मसान्त सम्म बुझाएमा ५ प्रतिशत जरिवाना समेत लागने छ । सो आर्थिक बर्षमा नबुझाएको खण्डमा सुरु आर्थिक बर्षको २० प्रतिशत र त्यस पश्चात प्रति बर्ष ५ प्रतिशत थप जरिवाना लाग्ने छ ।

## अनुसूची-३
**(दफा ५ सँग सम्वन्धित)**
## घरबहाल करका दरहरु

| क्र.सं. | घरबहाल कर /विवरण | प्रति बर्षको करको दर |
|---|---|---|

| | | प्रति सटर रु. | प्रति कोठा |
|---|---|---|---|
| १ | हुलाकी राजमार्ग पर्ने | ८८०।०० | ५५०।०० |
| २ | वरियारपट्टी चौक देखी तेनुवापट्टी जाने बाटो | ८८०।०० | ५५०।०० |
| ३ | बरियारपट्टी चौक चौक देखि दक्षिण सीमा सम्म | ६६०।०० | ४४०।०० |
| ४ | ग्रामिण कच्चीबाटोमा | ५५०।०० | ३३०।०० |
| गाउँपालिकाको स्वामित्वमा रहेको व्यवस्थित सटर, पसल, कबल, भवन, खेती योग्य जमिन वा अन्य जमिन लिजमा दिँदा प्रचलित कानून बमोजिम प्रतिस्पर्धात्मक विधिबाट लिजमा वा ठेक्कामा लगाउन सकिनेछ । | | | |
| | | | |

## अनुसूची-४
**(दफा ५ सँग सम्वन्धित)**

**व्यावसाय करका दरहरु**

(ग) बरियारपट्टी गाउँपालिका क्षेत्र भित्र व्यापार व्यवसाय वा पेसा गर्दा व्यापार व्यवसाय वा पेसामा पुंजीगत लगानी र आर्थिक कारोवारको आधारमा बार्षिक रुपमा देहाय वमोजिम व्यवसाय कर असुल गर्ने ।

| **क.सं.** | **व्यवसायको विवरण** | **ठूला व्यवसाय/ उद्योग/दर** | **थोक/ मझौला/दर** | **खुद्रा/लघु/ घरेलु/दर** |
|---|---|---|---|---|
| **व्यापारिक बस्तुहरु** | | | | |
| १. | पान,चुरोट,विडी, सुर्ती जन्य पदार्थको विक्रेता | ११००० | ४४०० | २२०० |
| २ | मदिरा, वियर, कोल्ड ड्रिक्स | २२००० | ८८०० | ५५०० |
| ३ | मदिरा, वियर र नास्ता, खाना सहितको होटल | ११००० | ७७०० | ५५०० |
| ४ | सुनचाँदी पसल गहना बनाउने, प्रशोधन र विक्री गर्ने | ७७०० | ५५०० | २२०० |
| ५ | स्टेशनरी तथा पुस्तक | ३३०० | ११०० | ५५० |
| ६ | फर्निचर तथा फर्निसिङ, बेड विस्तारा निर्माण | ८८०० | ५५०० | २२०० |
| ७ | मोबाईल, घडी लगायतका इलेक्ट्रोनिक सामान | ६६०० | ३३०० | ११०० |
| ८ | कम्प्युटर, फोटोकपी लगायत सो सामान विक्री वितरण गर्ने पसल | ८८०० | ४४०० | २२०० |
| ९ | पेट्रोल पम्प प्रति पम्प | ८८०० | ५५०० | २२०० |
| १० | सवारी साधन जीप,कार, ठुला सवारी साधन विक्रेता | २२००० | १६५०० | ११००० |
| ११ | सवारी साधन, मोटर साईकल, स्कुटर र पार्टस विक्री | १६५०० | ८८०० | ५५०० |

| | | | | |
|---|---|---|---|---|
| १२ | सवारी मर्मत जीप, कार, बस ठूला सवारी मर्मत | १०००० | ५००० | २००० |
| १३ | सवारी साधन मोटर साईकल, स्कुटर मर्मत | ८००० | ४००० | २००० |
| १४ | साइकल पसल, तथा मर्मत | ५००० | ३००० | ५०० |
| १५ | गिफ्ट सप | ३३०० | १६५० | ५५० |
| १६ | टिनको बाकस , फर्निचर | ७७०० | ५५०० | २२०० |
| १८ | एग्रोभेट, भेटिनरी | ५००० | ३००० | १००० |
| १९ | अन्य पसल | | ५००० | २००० |
| **दैनिक उपभोगजन्य पदार्थहरु** | | | | |
| २० | कपडा पसल, फेन्सी स्टोर | ५५०० | ३३०० | २२०० |
| २१ | खाद्यान्न किराना पसल | ३००० | २००० | १००० |
| २२ | चिया पसल | | | ५०० |
| २२ | भाडा पसल | ५००० | ३००० | १००० |
| २३ | मिठाई तथा भोजनालय | ५५०० | ३५०० | २००० |
| २३ | किराना लगायतको घुम्ती पसल | १००० | ५०० | ५०० |
| २४ | खाद्यान्न खरिद विक्री | ५००० | २००० | १००० |
| २५ | कपडा सर्टिङ सुटिङ, सिलाई | ३००० | २००० | १००० |
| २६ | मैनवत्ती उद्योग | | | ५०० |
| २७ | दुग्ध उद्योग, डेरी  उद्योग | १०००० | ७००० | ५००० |

| | | | | |
|---|---|---|---|---|
| २९ | पानी सम्बन्धी उद्योग | ८००० | ५००० | २००० |
| **निर्माण सेवा** | | | | |
| ३० | हार्डवेयर पसल | ५००० | ३००० | २००० |
| ३१ | सिमेन्ट र फलामे डण्डी,  अलग्गै बिक्री गर्ने | ५५०० | ३३०० | २२०० |
| ३२ | शिसा प्लाइउड सनमाईका रंग रोगन तथा स्यानिटरीका सामान वेच्ने | ८००० | ५००० | २००० |
| ३३ | बिजुलीका सामानहरु | ५००० | २००० | १००० |
| ३४ | गिटी ढुंगा, बालुवा, इटा | १०००० | ७००० | ३००० |
| | | | | |
| ३६ | काठ मिल | १०००० | ७००० | ५००० |
| ३७ | निर्माण व्यवसायी क, ख र ग वर्ग क्रमशः | १५००० | १२००० | ९००० |
| ३९ | निर्माण उपकरण जे.सि.वी., एक्साभेटर, रोलर, ट्रिपर आदि | ५ भन्दा माथि रु.१५००० | २ देखि ५ सम्म रु.५००० | एकमात्र ट्रक रु. ३००० |
| ४० | मिक्सर, थ्रेसर | | | १००० |
| ४१ | ह्युमपाइप, ब्लक, टायल, कुवाको रिङ लगायत निर्माण | | | २००० |
| ४२ | ईटा उद्योग | | | ५१००० |
| **कृषि तथा पशुजन्य व्यवसाय** | | | | |
| ४३ | ह्याचरी उद्योग | १०००० | ५००० | २००० |

| | | | | |
|---|---|---|---|---|
| ४४ | पोल्ट्री फर्म | ५००० | ३००० | १५०० |
| ४५ | माछा पालन | ५००० | ३००० | १५०० |
| ४६ | गाई भैसी पालन | ३००० | २००० | १००० |
| ४७ | मासु पसल, माछा पसल | ५००० | ३००० | १५०० |
| ४८ | पशु पंक्षी बधशाला | १०००० | ८००० | ३००० |
| ४९ | तरकारी फलफूल पसल | ५००० | १५०० | ५०० |
| ५० | चामल मिल , च्युरा मिल | ५००० | १५०० | १००० |
| ५१ | तेल मिल | ५००० | १५०० | १००० |
| ५२ | कुटानी पिसानी घरेलु उद्योग | ३००० | १५०० | १००० |
| ५३ | मसला पिस्ने घरेलु उद्योग | ३००० | १५०० | १००० |
| ५४ | नर्सरी, फलफूल, | ५००० | ३००० | १५०० |
| ५५ | चिस्यान केन्द्र (निजी) | | १०००० | |
| ५६ | चिस्या केन्द्र (सामुदायबाट संचालित) | | ५००० | |
| सेवा उधोग | | | | |
| ५७ | अपसेट प्रेस, फ्लेक्स प्रिन्ट | ७००० | ४००० | २००० |
| ५८ | स्क्रिन प्रिन्ट छाप बनाउनेलाई | | | १००० |
| ५९ | डिजिटल फोटोल्याव | | | १००० |
| ६० | फोटो स्टुडियो मात्र | | | १००० |

| | | | | |
|---|---|---|---|---|
| ६१ | फोटोकपी, प्रिन्ट सेवा | | | १००० |
| ६२ | होटल लज सहितको | १०००० | ५००० | ३००० |
| ६३ | चलचित्र घर | ७००० | ५००० | २००० |
| **ढुवानी व्यवसाय** | | | | |
| ६४ | ट्रक व्यवसाय (संख्या अनुसार) | ५ भन्दा माथि रु.१०००० | २ देखि ५ सम्म रु.५००० | एकमात्र ट्रक रु. २००० |
| ६५ | ट्रिपर, जीप, पिक अप मिनि ट्रक, ट्राक्टर | ५ भन्दा माथि रु.१०००० | २ देखि ५ सम्म रु.५००० | एकमात्र ट्रक रु. २००० |
| ६६ | पावर ट्रिलर, ट्रली, ठेला गाडी | | | ५०० |
| **सञ्चार सेवा** | | | | |
| ६८ | एफ एम १०० वाटसम्मको | | | ३००० |
| ६९ | स्थानीय पत्रपत्रिका | | | १५०० |
| ७० | इन्टरनेट इमेल, साइवर सेवा | | | १००० |
| ७१ | कुरीयर सेवा सञ्चालन | | | १००० |
| **वित्तिय सेवा** | | क, वर्ग | ख, वर्ग | ग, वर्ग |
| ७२ | नेपाल सरकारको स्वामित्व बाहेकका बैंक | ५००० | ४००० | ३००० |
| ७३ | मनिट्रान्सफर, मनी एक्सचेन्जर | ५००० | | २००० |

| | | | | |
|---|---|---|---|---|
| | वित्तिय कम्पनी मुख्य कार्यालय | | | |
| ७४ | वित्तिय कम्पनी शाखा कार्यालय | | | २००० |
| ७५ | बिमा कम्पनी (जीवन,निर्जीवन) | | | ५००० |
| ७६ | सहकारी (कृषि, महिला) | | | १००० |
| ७७ | बचत तथा ऋण सहकारी | | | ३००० |
| **स्वास्थ्य सेवा** | | | | |
| ७८ | नर्सिङ होम (१० सैया माथि र १० सैया मुनीका) | | ५००० | ३००० |
| ७९ | क्लिनिक तथा ल्याब | | | २००० |
| ८० | फार्मेसी, औषधी पसल | | २००० | १५०० |
| ८१ | डाक्टर परामर्श सेवा | | | ३००० |
| **शिक्षा सेवा** | | | | |
| ८२ | आवासीय विद्यालय (सामुदायिक विद्यालय बाहेक), | कलेज रु. १०००० | मा.वि. रु. ७००० | आधारभुत ३००० |
| ८३ | मन्टेश्वरी, बाल विकास, प्ले ग्रुपको | | | २००० |
| ८४ | टिउसन सेन्टर, कोचिङ सेन्टर | | | १५०० |
| ८५ | ड्राइभिङ तालिम केन्द्र तथा अन्य प्रशिक्षण केन्द्र | | | २००० |
| ८६ | निजि बिद्यालय  कक्षा अपग्रेड | प्रा.बि. रु. ७५०० | मा.वि. रु. १०००० | उच्च मा.वि. रु. १५००० र कलेज रु. |

| | | | | |
|---|---|---|---|---|
| | | | | २०००० |
| ८७ | सामुदायिक बिद्यालय कक्षा अपग्रेड | नि:शुल्क | नि:शुल्क | नि:शुल्क |
| **अन्य व्यवसाय** | | | | |
| ८८ | व्युटिपार्लर | | | ५०० |
| ८९ | ग्रिल उद्योग | | | ५००० |
| ९० | टायर रिसोलिङ | | | १५०० |
| ९१ | हेयर कटिङ | | | ५०० |
| ९२ | कवाडी | | | १००० |
| ९३ | ग्यास लगायत किचनरी सामग्रीहरु | | | २००० |
| ९४ | सावुन उद्योग | १०००० | ५००० | ३००० |
| ९५ | इन्जिनियरिङ कन्सल्टेन्सी सेवा | ८००० | ६००० | ३००० |
| ९७ | सूचना प्रविधि कन्सल्टेन्सी सेवा | | १०००० | ३००० |
| ९८ | अन्य कन्सल्टेन्सी सेवा | | ७००० | ३००० |
| ९९ | स्वीमिङ पुल सेवा | | | २००० |
| १०० | नेटवर्किङ, इन्टरनेट सेवा | | | ३००० |
| १०१ | ट्राभल एजेन्सी | | १०००० | ३००० |
| १०२ | ढलान र सर्टिङ सामान भाडामा दिने | | | ३००० |
| १०३ | | | | |

| | | | | |
|---|---|---|---|---|
| १०४ | लेखा परीक्षण सेवा | “क” बर्गको ७०००।०० | “ख” बर्गको ५०००।०० | “ग” वा सो भन्दा मुनीको २०००।०० |
| १०५ | कागज फ्याक्ट्री | | १००००।०० | ५००० |
| १०६ | कपडा उद्योग | | १००००।०० | ३०००।०० |
| १०७ | ह्याण्डी क्राफ्ट | | | १०००।०० |
| १०८ | गारमेण्ट उद्योग | | ८०००।०० | ३०००।०० |
| १०९ | ट्रली तथा ट्रस उद्योग | १०००० | ५०००।०० | ३०००।०० |

१. उल्लिखित वर्गीकरणमा नपर्ने उद्योगको प्रकृति हेरी बार्षिक ५ सय देखि ५००० सम्म कर लगाउने निर्णय अध्यक्षले गर्नेछ। बार्षिक ५००० भन्दा माथि कर लगाउनु परेमा गाउँ कार्यपालिकाले निर्णय गर्न सक्ने अधिकार प्रत्यायोजन गर्ने।

घ वर्ग इजाजत पत्र :

| सि.नं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| १ | नयाँ ईजाजत पत्र दर्ता | ७०००।०० |
| २ | नविकरण | ५०००।०० |
| | सार्वजनिक सम्पतीको भाडा | |
| १ | हल भाडा | प्रति दिन रु. १००० |

## अनुसूची-५
**(दफा ६ सँग सम्वन्धित)**

## जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरु

(घ) बरियारपट्टी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, जडिबुटी,वनकस कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत देहाय बमोजिमको कर लगाउने ।

| क्र.सं. | विवरण | प्रति बर्ष करका दरहरु |
|---|---|---|
| १ | प्लाष्टिक , कागज आदिमा | ३००० |
| २ | अन्य कबाडी सबै | ३००० |
| ३ | जडिबुटी वा जिवजन्तु करको हकमा बार्षिक रु. ५०० देखि रु. ५००० सम्मको कर गाउँपालिका अध्यक्षस्तरको निर्णयबाट लगाउन सक्ने र सो भन्दा बढी लगाउनुपर्ने व्यवसायमा गाउँ कार्यपालिकाको निर्णयबाट लगाउन सकिनेछ । | |

## अनुसूची-६
### (दफा ७ सँग सम्वन्धित)
## सवारी साधन कर

(ङ) सरकारी स्वामित्व भन्दा बाहेकका देहायका निजी तथा व्यवसायीक प्रयोजनका गाउँपालिकाको क्षेत्र भित्र दर्ता भएका वा सञ्चालन हुने सवारी साधनलाई गाउँपालिकाले निम्नानुसार कर लगाउने ।

| क्र.सं. | सवारीको विवरण | बार्षिक सवारी कर (आ.व. २०८०।०८१) |
|---|---|---|
| १ | बस, ट्रक, लरी तथा अन्य हैभी सवारीहरु | २२००।०० |
| २ | कार, जीप ( भाडाको ) | ११००।०० |

| | | |
|---|---|---|
| ३ | भाडाको टेम्पु, पावर ट्रिलर | ६६०।०० |
| ४ | भाडाको माइक्रो बस | ८८०।०० |
| ५ | निजी प्रयोजनको कार, जीप | ११००।०० |
| | ➢ पटके सवारी कर (गा.पा. आफैले बनाएको वा आफुलाई हस्तान्तरण भई आएको सडकमा :- | |
| ६ | निजि तथा वस, ट्रक तथा ट्रेक्टर | रु. ३३ |
| ७ | भाडाको कार, जीप टेम्पु | रु.२२ |
| ८ | मोटर साईकल | रु ११ |
| ९ | अन्य सवारी साधन | रु. ११ |
| १० | मोटर साईकल, स्कुटर | ५५०।०० |
| ११ | ट्रेक्टर | ११००।०० |
| १२ | मिनिट्रक, पिकअप जिप, | १६५०।०० |
| १३ | रिक्सा, ठेला, ट्रली | ११०।०० |
| | | |

# अनुसूची-७
## (दफा ८ सँग सम्वन्धित)
## विज्ञापन कर

(च) बरियारपट्टी गाउँपालिका क्षेत्रभित्र कसैले विज्ञापन सम्बन्धी होडिङवोर्ड, तुल, भित्ते लेखन वा माइकिङ गरेमा देहायबमोजिमको विज्ञापन दस्तुर लगाउने ।

| क्र.सं. | विवरण | करको दर (प्रति वर्ग फिट रु.) |
|---|---|---|
| १ | होडिङवोर्ड प्रति वर्गफिट | ९०।०० |
| २ | भित्ते लेखन | ११।०० |
| ३ | तूल व्यानर, फेलेक्स (प्रति हप्ता) | ६०।०० |
| ४ | माइकिङ, प्रचार (प्रति दिन) | ११०।०० |
| ५ | अस्थायी गेट निर्माण -प्रति गेट) | ५००।०० |
| १. मादक पदार्थ र धुम्रपानको विज्ञापनमा उपरोक्त दरमा २५ प्रतिशत थप कर लाग्नेछ । २. सार्वजनिक महत्वका जनचेतना वृद्धि गर्ने र सरकारी कार्यालयबाट राखिएका उपरोक्तानुसारका सामग्रीमा कर लाग्ने छैन । | | |

# अनुसूची-८
## (दफा ९ सँग सम्वन्धित)
## मनोरञ्जन कर

(छ) बरियारपट्टी गाउँपालिकाक्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा देहायबमोजिम व्यवसाय कर लगाउने र असुल उपर गर्ने ।

| **क.सं.** | **व्यवसाय विवरण** | **२०८०।०८१** |
|---|---|---|
| १ | सिनेमा हल प्रतिबर्ष | ५५००।०० |
| २ | केबुल लाईन | ५५००।०० |
| ३ | ३ डि सिनेमा हल | ८८००।०० |

| | | |
|---|---|---|
| ४ | रमाइलो मेला प्रति दिन | ५५०।०० |
| ५ | कन्सर्ट, नाच, नाटक | ११००।०० |
| ६ | पिकनिक स्पट | ५५०।०० |
| ७ | चलचित्र सुटिङ्ग | |
| | (क) नेपाली | ११००।०० |
| | (ख) विदेशी | २२००।०० |

# अनुसूची-९
## (दफा १० सँग सम्वन्धित)
## बहाल विटौरी कर

(ज) गाउँपालिका वा अन्तरगतका सरकारी निकायले आफ्नो रेखदेखमा रहेको सार्वजनकि सडक, बाटो, चौरमा रहेका हाट बजार, कठघरा, सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो छेउमा अस्थायी पसल थाप्न दिए बापत देहाय बमोजिमको मासिक बहाल विरौट शुल्क लिइने छ ।

| क्र.सं. | विवरण | प्रति वर्ग फिट दर रु.प्रति महिना |
|---|---|---|
| १ | राजमार्ग तथा मुख्य सडकको दायाँ बायाँ  रहेको अस्थायी पसल | ११।०० |
| २ | राजमार्ग तथा मुख्य सडकको दायाँ बायाँ रहेको अन्य ऐलानी जग्गामा टहरो , कठघरा | ८।०० |
| ३ | राजमार्ग तथा मुख्य सडकमा जोडिने सडकको दाँयावाया रहेको टहरो, कठघरा | ६।०० |
| ४ | ग्रामिण सडकको दायाँबायाँ रहेका टहरो र कठघरा | ४।०० |
| ५ | मन्दिर, गुम्बा वा धार्मिक स्थलमा रहेका अस्थायी पसल | ४।०० |
| ६ | वन क्षेत्र, खाली ऐलानी जग्गा, खोलाको तिर वा बगरमा रहने पसल वा | ४।०० |

| | | |
|---|---|---|
| | रेष्टुरेण्ट वा व्यवसाय वा घाटगद्दी आदिको | |

**अनुसूची-१०**
**(दफा ११ सँग सम्वन्धित)**
**पार्किङ्ग शुल्क**

(झ) गाउँपालिकाको क्षेत्रभित्रका सार्वजनिक चौर, बजारको सार्वजनिक खाली क्षेत्र वा अन्य सार्वजनिक पार्किङ स्थलमा देहायबमोजिमको पार्किङ शूल्क लिन सक्नेछ ।

| क.सं. | विवरण | दर |
|---|---|---|

| | | |
|---|---|---|
| १ | बस, ट्रक, मिनिबस, हेभी गाडी | २८।०० प्रति घण्टा |
| २ | ट्रिपर, मिनी ट्रक, पिकअप, माईक्रो, भ्यान, जिप, कार, ट्याक्सी, | २२।०० प्रति घण्टा |
| ३ | मोटर साईकल, स्कुटर, पावरट्रिलर | ११।०० प्रति घण्टा |

# अनुसूची-११

## (दफा १२ सँग सम्वन्धित)

## ट्रेकिङ्ग, कोयोकिड,क्यानोइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र र्याफ्टीङ्ग शुल्क

| क.सं. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**नोट : यी शिर्षकमा सम्भाव्यता अध्ययन भएपछी शुल्क निर्धारण गरिनेछ ।**

# अनुसूची-१२
## (दफा १३ सँग सम्वन्धित)
## सेवा शुल्क,दस्तुर

(ञ) बरियारपट्टी गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट तपशिलमा व्यवस्था भए अनुसार शुल्क लगाउने र असूल उपर गर्ने ।

| **(क) सडक मर्मत शुल्क** | | |
|---|---|---|
| क.सं. | सेवाको विवरण | दर |
| १ | बस, ट्रक, लरी तथा अन्य हैभी सवारीहरु | ११००।०० |
| २ | कार, जीप ( भाडाको ) | ५५०।०० |
| ३ | भाडाको टेम्पु, पावर ट्रिलर | ११०।०० |
| ४ | माइक्रो बस | ५५०।०० |
| ५ | निजी प्रयोजनको कार, जीप | ३३०।०० |
| ६ | मोटर साईकल, स्कुटर | ११०।०० |
| ७ | ट्रेक्टर | ११००।०० |
| ८ | मिनिट्रक, पिकअप जिप, | १६५०।०० |
| **(ख) नक्सापास दस्तुर** | | |
| | संरचनाको प्रकार | नक्सापास क्षेत्र अनुसार को दस्तुर |

| | | रु. (प्रति वर्गफिट) | | |
|---|---|---|---|---|
| | | "क" | "ख" | "ग" |
| १. | **आर.सि.सि. मल्टिप्लेक्स व्यवसायिक भवन, लिफ्ट् जडान हुने** | | | |
| | अन्डर ग्राउण्ड, भुई तला र पहिलो तलामा | ७।०० | ६।०० | ५।०० |
| | दोश्रो तला | ७।०० | ६।०० | ५।०० |
| | तेश्रो तला | ८।०० | ७।०० | ६।०० |
| | चौथो तला | ९।०० | ८।०० | ७।०० |
| | पाँचौ तला | १०।०० | ९।०० | ८।०० |
| | छैठौं तला वा सो भन्दा माथि | ११।०० | १०।०० | ९।०० |
| २. | **आर.सि.सि. सिमेन्टमा जोडाइ भएको घर** | "क" | "ख" | "ग" |
| | अण्डर ग्राउण्ड, भुई तला र पहिलो तलामा | ६।०० | ५।०० | ४।०० |
| | दोश्रो तला | ६।५० | ५।५० | ४।५० |
| | तेश्रो तला | ७।०० | ६।०० | ५।०० |
| | चौथो तला | ८।०० | ७।०० | ६।०० |
| | पाँचौ तला | ९।०० | ८।०० | ७।०० |
| | छैठौं तला वा सो भन्दा माथि | ११।०० | १०।०० | ९।०० |
| ३. | **जस्ता वा अन्य छानो भएको पक्की इटा, ढुंगामा सिमेन्टको जोडाई भएको घर** | "क" | "ख" | "ग" |
| | भुई तला र पहिलो तलामा | ५।०० | ४।५० | ४।०० |
| | दोश्रो तला | ५।५० | ५।०० | ४।५० |

| | | | | |
|---|---|---|---|---|
| ४. | **माटोको जोडाइमा इटा वा ढुंगाको गारो वा आ.सि.सि., आर.वि.सी. जस्ता सेड निर्माण** | “क” | “ख” | “ग” |
| | भुई तला र पहिलो तलामा | ५।०० | ३।०० | २।५०/- |
| | दोश्रो तला | ४।५० | ३।५० | ३।- |
| ५. | अस्थायी घर निर्माण (खपडा, फुस, छाना, प्लाष्टिक) प्रति घर | | | १६५।०० |
| ६ | ले-आउट दस्तुर प्रतिघर | | | ४४०।०० |
| ७ | घरको नक्सा प्रतिलिपी दस्तुर एकमुष्ठ | | | ४४०।०० |
| ८ | घर सम्पन्न निरीक्षण दस्तुर | | | ४४०।०० |
| ९ | नक्सा नामसारी दस्तुर ( नक्सा पासको लागि लाग्ने दस्तुरको) | | | ३० प्रतिशत |

(क) बिना इजाजत गाउँपालिका क्षेत्रमा घर बनाई पछि नक्सा पास गराउन आएमा प्राविधिकले निरीक्षण गरी नक्सा पास गर्न मिल्ने भए सो अवस्थामा तोकिएको दस्तुरको दोब्बर दस्तुर लाग्नेछ ।

(ख) नक्सापास क्षेत्र “क” भन्नाले हुलाकी राजमार्ग मा मोहोडा भएका जग्गामा बन्ने घरको क्षेत्रलाई बुझाउँछ । नक्सापास क्षेत्र “ख” भन्नाले हुलाकी राजमार्ग मोहडा नभएको दायाँबायाँ २०० मिटरको भुभाग र हुलाकी राजमार्ग मा जोडिने अन्य सडमा मोहडा भई मुल सडक को १ किलोमिटर दुरीभित्र पर्ने क्षेत्रलाई जनाउँछ । नक्सापास क्षेत्र “ख” भन्नाले नक्सापास क्षेत्र “ग” र “ख” भन्दा बाहेकको क्षेत्रलाई बुझाउँछ ।

**(ग) प्लटिङ गर्दा लाग्ने दस्तुर**

| | | |
|---|---|---|
| १ | १ बिघा रोपनी सम्मको प्रतिप्लट (कित्ता /पटक) | रु.५५०।०० |
| २ | १ बिघा भन्दा माथि ३ बिघा सम्मको प्रतिप्लट (कित्ता /पटक) | रु.११००।०० |
| ३ | ३ बिघा भन्दा माथि प्रतिप्लट (कित्ता /पटक) | रु. १६५०।०० |

**(घ) सिफारिश दस्तुर रु.**

| | | |
|---|---|---|
| १ | नाता प्रमाणित | ५० |

| | | |
|---|---|---|
| २ | कन्सुलर प्रमाणित | ५० |
| ३. | घरजग्गा नामसारी र अन्य मालपोत सम्बन्धी सिफारिस/घर बाटो सिफारिस | ५० |
| ४ | घर पाताल / घर कायम प्रमाणित | ५० |
| ५ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिश | १०० |
| | जग्गा धनी पूर्जा हराएको सिफारिस | १०० |
| | कित्ताकाट गर्न सिफरिस | १५० |
| | जग्गाको हक सम्बनधमा सिफरिस | १०० |
| ६ | मोही लगत कट्टा सिफारिश | १५० |
| | **व्यक्तिगत घटना दर्ता** | |
| | जन्मेको ३५ दिन भित्र | निशुल्क |
| | जन्मेको ३५ दिन पछि | ५० |
| ७ | पति पत्नीको सम्बन्ध बिच्छेदको सिफारिस | १००० |
| ८ | अविवाहित प्रमाणित | ५० |
| ९ | विवाह प्रमाणित | ५० |
| १०. | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | |
| | (क) नेपालको लागि | २००/- |
| | (ख) भारतको लागि | ४००/- |
| | (ग) अन्य मुलूकको लागि | १०००/- |

| | | |
|---|---|---|
| ११. | हकवाला संरक्षण सम्बन्धी सिफारिस (व्यक्ति, संस्था) | निःशुल्क |
| १२ | हकवाला वा हकदार प्रमाणित | निःशुल्क |
| १३ | कागज मञ्जूरीनामा प्रमाणित | १५० /- |
| १४ | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | १००/- |
| १५ | निजी विद्यालय दर्ता वा स्तर बृद्धि, कक्षा वृद्धि | |
| | (क) पुर्व प्राथमिक र मन्टेश्वरी | २०००।०० |
| | (ख) आधारभुत विद्यालय | २५००।०० |
| | (ग) माध्यामिक | ३०००।०० |
| १६ | विद्यालय ठाउंसारी सिफारिश | |
| | (क) पुर्व प्राथमिक र मन्टेश्वरी | ५००।०० |
| | (ख) आधारभुत विद्यालय | १०००।०० |
| | (ग) माध्यामिक | १५००।०० |
| १७ | काठ दाउराको सिफारिस, काठ व्यवसायिक कारोबार सिफारीस प्रति वोट (कुकाठ)/ व्यवसायिक काठ | ४।०० / ११।०० |
| १८. | अंग्रेजी सिफारिश प्रमाणीकरण | ५० |
| १९. | वंशजको नागरिकता सम्बन्धी सिफारिस | ५० |
| २०. | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | १०० |
| २१. | नाम फरक भएको एकै व्यक्ति हो भन्ने सिफारिस | ५० |
| २२ | व्यक्तिगत विवरण सिफारिश/प्रमाणित | ५० |

| | | |
|---|---|---|
| २३. | चार किल्ला प्रमाणित सिफारिस (एक कित्ता भन्दा बढी भएमा थप कित्ताको प्रति कित्ता रु. २०।०० थप) | १०० |
| २४ | सनाखतको सिफारिस | ५० |
| २५ | जन्म , मृत्यू, जीवित रहेको सम्बन्धी प्रमाणित/ सिफारिश | ५० |
| २६ | स्थायी बसोबास, बसाई सराई सम्बन्धी सिफारिस/ प्रमाणित | |
| | (क) स्वदेशमा बसोबास | १०० |
| | (ख) भारतमा बसोबास | २०० |
| | (ग) अन्य मूलुक | ५०० |
| २८ | नाम, थर, जन्म मिति संशोधन सिफारिस /प्रमाणित | १०० |
| २९. | सर्जमिन मूचुल्का | १०० |
| ३०. | अमिन शूल्क प्रति कित्ता | २०० |
| ३१. | विद्यूत जडान सम्बन्धी सिफारिस | |
| | क) टूफेज | १०० |
| | ख) थ्रिफेज | १०० |
| ३२. | टेलिफोन जडान,नामसारी, ठाउसारी सम्बन्धी सिफारिस | १०० |
| ३३. | निजी धारा जडान,नामसारी, ठाउसारी सम्बन्धी सिफारिस | १०० |
| ३४. | चारित्रिक सिफारिस | १०० |
| ३५ | उद्योग स्थापना, ठाउंसारी, नामासारी सिफारिश | |
| | घरेलू, लघू तथा साना उद्योग | १००० |

| | | |
|---|---|---|
| | मझौला उद्योग | ५००० |
| | ठुला उद्योग | १०००० |
| ३६ | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धी सिफारिस | ५०० |
| | कोठा खोल्न रोहवरमा बस्ने | २०० |
| ३७ | छात्रवृत्ति सम्बन्धी सिफारिस स्वदेश | नि:शूल्क |
| ३८ | छात्रवृत्ति सम्बन्धी सिफारिस विदेश | १०० |
| ३९ | अपुताली सम्बन्धी सिफरिश | |
| | (क) नेपाल भित्रको | ५०० |
| | (ख) विदेशको | १००० |
| ४० | विपन्न विद्यार्थी भएको सिफारिश | निशुल्क |
| ४१ | विपन्न सिफारिश | नि:शूल्क |
| | पालन पोषणको लागि सिफरिस | १०० |
| ४२ | अपाङ्ग सिफारिश | नि:शूल्क |
| ४३ | नि:शूल्क वा सशूल्क उपचार सिफारिश | नि:शूल्क |
| ४४ | घर बाटो प्रमाणित | १५० |
| ४५ | जन्म मिति प्रमाणित | ५० |
| ४६ | अस्थायी/स्थायी बसोबास सिफारिश | १०० |
| ४७ | व्यवसाय बन्द, सञ्चालन नभएको सिफारिश | १०० |
| ४८ | व्यापार व्यवसाय नभएको सिफारिश | १०० |

| | | |
|---|---|---|
| ४९ | कोर्ट फि मिनाहा सिफारिश | १०० |
| ५० | नाबालक परिचयपत्र सिफारिश | नि:शुल्क |
| ५१ | चौपाया लिनेदिने सम्बन्धी सिफारिश | १०० |
| ५२ | सिफारिसको प्रतिलिपी | ५ |
| **अन्य सिफारिस कागजको** | | |
| ५३ | निवेदन फाराम प्रति पाना | ५ |
| ५४ | अनूसुची | ५ |
| ५५ | निवेदन दर्ता शूल्क | ५ |
| ५६ | भवन निर्माण दरखास्त फाराम | ५ |
| ५८ | मिलापत्र दस्तूर प्रति पक्ष | नि:शुल्क |
| नोट: आर्थिक सहायता, दीन दू:खीहरुको हकमा अध्यक्ष/ वडाध्यक्षको तोक आदेश अनूसार सिफारिश दस्तुर मिनाहा गर्न सकिनेछ । | | |
| (ङ) **सम्पत्ति /आम्दानी प्रमाणित** | | |
| **ऋण र वैदेशिक रोजगारका लागि** | | |
| १. | रु.१० लाखसम्म | ११०।०० |
| २. | रु.२० लाखसम्म | २२०।०० |
| ३. | रु.३० लाखसम्म | ७७०।०० |
| ४. | रु.४० लाखसम्म | ८८०।०० |
| ५. | रु.५० लाखसम्म | १,१००।०० |

| | | |
|---|---|---|
| ६. | रु.५० लाखभन्दा बढी प्रत्येक १ लाखमा | ११।०० |
| **अध्ययनको लागि** | | |
| १. | रु.२० लाखसम्मको | निःशूल्क |
| २. | रु.३० लाखसम्मको | निःशूल्क |
| ३. | रु.५० लाखसम्मको | निःशूल्क |
| ४. | रु.५० लाखभन्दा बढी प्रत्येक १ लाखमा | ३३ का दरले थप |
| गाउपालिकाले मुल्यांकन गरेको सिफारिसको पुन: नवीकरण गर्नूपर्दा जून प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तूरको ५ प्रतिशत राजश्व लिइनेछ । | | |
| **च) घर, जग्गा वा सम्पत्ति मूल्यांकन दस्तूर** | | |
| | क) ५ लाख रुपैयासम्म | ५० |
| | ख) ५ लाख देखि १० लाख रुपैयासम्म | रु.२००।०० |
| | ग) १० लाख देखि २० लाख रुपैयासम्म | रु.३००।०० |
| | घ) २० लाख देखि ५० लाख रुपैयासम्म | रु.५००।०० |
| | ङ) ५० लाख देखि १ करोड रुपैयासम्म | रु.१०००।०० |
| | च) १ करोड भन्दा माथि कुल मूल्यको | ०.०२ प्रतिशत |
| ग) | अंशवण्डा र दानबकसमा | निःशूल्क |
| गाउँपालिकाले मुल्यांकन गरेको सिफारिसको पुन: नवीकरण गर्नूपर्दा जून प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तूरको २ प्रतिशत राजश्व लिइनेछ । | | |

| सि.नं. | संरचनाको किसिम | २०८०।०८१ को लागि निर्धारित दर | | कैफियत |
|---|---|---|---|---|
| | | मूल्यांकन दर प्रति वर्गफिट | ह्रास कट्टी प्रति बर्ष प्रतिशत | |
| १ | आर.सि.सि. पक्की घर | १०।०० | ५ प्रतिशत | |
| २ | सिमेन्ट जोडाई, जस्ताको छाना | ८।०० | ५ प्रतिशत | |
| ३ | ढुंगा माटो जोडाई कच्ची घर | ५।०० | ५ प्रतिशत | |
| ४ | लिफ्ट एक्सलेटर जडान गरेका आर.सि.सि. घर | २०।०० | ५ प्रतिशत | |
| ५ | स्टिल फ्रेम स्टक्चर तथा फ्याव्रिक्स | १२।०० | ५ प्रतिशत | |

## अनुसूची-१३
## (दफा १४ सँग सम्वन्धित)
## पर्यटन शुल्क

| क.सं. | विवरण | दर |
|---|---|---|
| १ | स्वदेशी पर्यटक | निशुल्क |
| २ | विदेशी पर्यटक (भारत वाहेकको) | निशुल्क |
| ३ | भारतको पर्यटक | निशुल्क |

**(ट) कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।**

अनुसूची-१४

सवारी साधन भाडा शुल्क

| सि.नं. | सवारी विवरण | दर | |
|---|---|---|---|
| १ | रोलर | प्रति दिन रु. १०००० र इन्धन | गा.पा. भित्र |
| | | प्रति दिन रु. १२००० र इन्धन | गा.पा. बाहिर |
| २ | ग्रेडर | प्रति दिन रु. १०००० र इन्धन | गा.पा. भित्र |
| | | प्रति दिन रु. १२००० र इन्धन | गा.पा. बाहिर |
| ३ | सेफ्टी ट्याङ्क | | |
| क. | रिङ्गवाला ट्वयाइलेटको हकमा | प्रति रिङ्ग ३०० | गा.पा. भित्र |
| | | प्रति रिङ्ग ५०० | गा.पा. बाहिर |
| ख. | हदवाला टवयाइलेटको हकमा | प्रथम ट्याङ्क रु. २००० | गा.पा. भित्र |
| | | दोस्रो ट्याङ्क वा सो भन्दा बढी भए प्रति ट्याङ्क रु. १५०० | |
| | | प्रथम ट्याङ्क रु. ३००० | गा.पा. बाहिर |
| | | दोस्रो ट्याङ्क वा सो भन्दा बढी भए प्रति ट्याङ्क रु. २००० | |